महिला तथा बाल अधिकारको सुनिश्चितता हाम्रो प्रतिबद्धता

# हाम्रो आवाज

मासिक बुलेटिन

बर्ष : १७ अङ्क : १ महिना : वैशाख, २०७३

## सञ्चार अनुगमन मासिक प्रतिवेदन- बैशाख २०७३

राजधानीबाट प्रकाशित दैनिक अखबारहरुको अनुगमन गर्दा २०७३ को वैशाख महिनामा मुलुकभर महिला र बालबालिकामाथि भएका हिंसाका १३ वटा घटना भएको पाइएको छ । त्यसमध्ये महिला हिंसासँग सम्बन्धित ७ वटा रहेका छन् भने बालबालिकासँग सम्बन्धित ६ घटना प्रकाशित भएका छन् । प्रकाशित समाचारमा महिला तथा बालबालिकाको हत्या, बलात्कार, घरेलु हिंसा, यौनजन्य हिंसा सँग सम्बन्धित घटनाहरु रहेका छन् ।

**हिंसामा बालबालिका :**



राजधानीबाट प्रकाशित चार दैनिक अखबार गोरखापत्र, कान्तिपुर, नागरिक र अन्नपूर्ण पोष्टका अनुसार यस महिनामा ४ बालबालिकाको हत्या भएको छ । त्यसमध्ये तीन बालिका र दुई बालकको हत्या भएको छ । २ बालिका बलात्कारको शिकार भएका समाचार प्रकाशन भएको छ ।

**हिंसामा महिला :**




अखबारहरुले हिंसामा परेका महिलासँग सम्बन्धित घटना ७ वटा पहिचान गरेका छन् । त्यसमध्ये १ महिलाको हत्या भएको छ, भने आमाछोरी होटल सञ्चालकद्वारा यौन दूर्व्यवहारमा परेको समाचार प्रकाशित भएको छ । त्यसैगरी १ प्रहरीको लापरवाही र अदालतले ध्यान दिन नसक्दा निर्दोष महिलाले यातना भोग्नु परेको छ, भने १ महिला श्रीमान्को मृत्यु पछि सासु, जेठाजुले घर निकाला गरेको समाचार पनि प्रकाशित भएको छ । त्यसैगरी सामूहिक बलात्कृत भएकी १ महिलाको मार्मिक विवरण पनि प्रकाशमा आएको छ ।

**बालबालिका तथा महिला हिंसा क्षेत्रगत आधारमा : बैशाख २०७३**

हिंसामा महिला तथा बालबालिकासँग सम्बन्धित घटनालाई क्षेत्रगत आधारमा हेर्दा पूर्वाञ्चल ३, मध्यमाञ्चल ४ पश्चिामाञ्चल २ र मध्य-पश्चिमाञ्चल १ रहेको देखिन्छ ।




**इह्रिकनद्वारा महिला हिंसा विरुद्धको ३६५ दिने अभियान शुरु**



२५ चैत २०७२, बिहीबार | 7 April 2016 Thursday

# महिला हिंसाविरुद्ध ३६५ दिने अभियान सुरु

**बुटवल टुडे संवाददाता**
कपिलवस्तु, २४ चैत ।

कपिलवस्तु जिल्लामा महिला हिंसा बिरुद्ध ३ सय ६५ दिन अभियान शुरु गरिएको छ। मानब अधिकार सञ्चार प्रतिष्ठान (ईह्रिकन) र न्याय तथा अधिकार सञ्जाल (जुरी) ले तौलिहवामा आयोजना गरेको न्यायमा पहुँच परियोजना सार्वजनिकीकरण कार्यक्रममा सो जानकारी दिईएको हो ।

सो अवसरमा जुरीका प्रतिनिधी अधिबक्ता बिष्णु पोखेलले हाल सम्म महिला हिंसा बिरुद्ध १६ दिने अभियान मनाउदै आएको भए पनि यस परियोजना अर्न्तगत बर्षलाई नै अभियानका रूपमा मनाउने निती लिईउको उनले बताए। बर्ष भर नै महिला तथा बालिका बिरुद्ध हुने हिंसा बिरुद्ध जवाफदेही र शुन्य सहिष्णुता संस्कृतीको बृद्धि गर्ने, सिमान्तकृत समुदायका महिला तथा बालिकाको कानुनी साहायता सेवाहरूमा बृद्धि गर्ने तथा कर्तव्यवाहकलाई सिमात्कृत समुदायको महिला तथा बालिका प्रति बढि जवाफदेही बनाउने र फौजदारी न्याय प्रणालीमा सर्वसाधारण जनताको भरोसा र बिश्वासमा अभिबृद्धि गर्ने अपेक्षित परिणाम हासिल गर्न परियोजना सञ्चालनमा ल्याईएको उनको भनाई थियो ।

जुरी नेपालले न्यायिक सहयोगका लागी बिभिन्न कार्यक्रम गर्नुका साथै समुदायमा कानुनी सुचना केन्द्र सञ्चालन गर्ने र ईह्रिकोनले जिल्लाका कजरहवा र भलवारी गाबिसमा समुह निर्माण गरि सचेतना कार्यक्रम सगै भिडियो भ्यान अभियान, आत्म सुरक्षा तालिम लगायत प्रदान गर्ने जनाईएको छ। जुरीले सञ्चालन गर्ने कार्यक्रमबाट ८ सय जना र ईह्रिकोनको कार्यक्रमबाट १ हजार ६ सय गरि कुल २ हजार ४ सय जना लाभान्वित हुने जनाईएको छ।

जिबिसका सामाजिक बिकास अधिकृत बासुदेव जमरकट्टेलको अध्यक्षता, ईह्रिकोनकी रोश्ली पोखेलको उद्देश्य र स्वागत तथा जियाउल हक मनिहारको सञ्चालनमा सम्पन्न कार्यक्रममा जिल्ला अदमलतका श्रेष्तेदार ईश्वरी भण्डारी, प्रशासकिय अधिकृत पर्शुराम पोखेल, सञ्चारिका समुहकी अध्यक्ष पार्वती पाण्डे, गैसस महासंघ अध्यक्ष प्रबिण श्रीवास्तब लगायतले मन्तब्य दिएका थिए।


थप जानकारीका लागि
**मानव अधिकार सञ्चार प्रतिष्ठान नेपाल (इह्रिकन )**
ज्वागल कुपण्डोल ललितपुर
फोन नं. ०१-५०११२०४, ५५४४२०५ मा सम्पर्क गर्न अनुरोध छ ।